कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

प.सं.०८१/०८२(महिला बा.तथा समाजकल्याण शाखा) मिति २०८१/१०/२१गते
च.नं

विषयः आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रमको लागि आवेदन सम्वन्धि सूचना ।

बागमती प्रदेश सरकारबाट आ.व ०८१।०८२ को लागि हस्तान्तरीत सशर्त अनुदान कार्यक्रम अन्तर्गत **आमाबाबु विहिन बालबालिका संरक्षण कार्यक्रम** संचालनको लागि आमाबाबु दुवैको मृत्यु भएका वा दुवै वेपत्ता भएका वा दुवैको संरक्षण र रेखदेखबाट बन्चित भई अरुको संरक्षणमा रहेका १८ वर्ष उमेर पूरा नभएका बालबालिकाको शिक्षा, स्वास्थ्य र पोषणको सुनिश्चितता गरी सामाजिक संरक्षणको लागि भत्ता प्राप्त गर्न योग्य बालबालिका वा निजको संरक्षक वा स्याहार-सुसार गर्ने व्यक्तिले यस नगरपालिकाको सम्वन्धित वडा कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको कागजात सहित आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
२) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (नागरिकता लिएको हकमा) ।
३) बाबु र आमा दुवैको मृत्यु दर्ताको प्रतिलिपि वा बाबु र आमा दुवै वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बन्चितिमा परेको उल्लेख भएको प्रमाणित कागजात।
४) विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पूरा गरेका बालबालिकाको हकमा मात्र) ।
५) संरक्षकको नागरिकता नागरिकता प्रमाणपत्र प्रतिलिपि ।
६) सम्वन्धित बालबालिकाको संरक्षक हो भनी वडाले दिएको संरक्षक प्रमाणित पत्र।

**नोटः आवेदन फाराम सम्वन्धित वडा कार्यालयबाट उपलव्ध गराईने छ ।**

मिति २०८१ साल फागुन ५ गते सम्ममा १८ वर्ष ननाघेको तर गत वर्षको विवरणमा परेका बालबालिकाको हकमा सम्वन्धित वडा कार्यालयबाट संरक्षक तोकिएको सिफारिस पत्रमा नाम उल्लेख गरेर मात्र पठाउँदा हुने र अन्यको हकमा माथि उल्लेखित कागजात सहित सिफारिस गर्नुपर्ने छ ।

तुलसी प्रसाद कोइराला
सामाजिक विकास शाखा प्रमुख


फोन नं. : +९७७-०४७-५२०५९६, ५२०५१२, ५२०२४०, ५२०२५१, ५२०२४५, ५२०६०८
Phone No. : +977-047-520596, 520512, 520240, 520251, 520245, 520608
E-mail : kamalamaimun.sindhuli@gmail.com
Web Site : kamalamaimun.gov.np

# सुचना संकलन आवेदन फाराम
## (प्रत्येक बाबुआमा विहीन बालबालिकाको लागि)

१) प्रदेशः बागमती २) जिल्लाः सिन्धुली ३) नगरपालिकाः कमलामाई ४) वडा नं. ...

५) गाउँ टोल वस्तीः

६) बालक/बालिकाको नाम,थरः

७) बालक/बालिकाको जन्म मितिः

८) बाबुको मृत्यु भएको / वेपत्ता भएको /छोडेको वर्षः

९) आमाको मृत्यु भएको / वेपत्ता भएको /छोडेको वर्षः

१०) हालको संरक्षकको नाम र नाताः

११) अध्ययन गरिरहेको विद्यालयको नामः

१२) अध्ययन गरिरहेको कक्षाः

१३) विद्यालय नगएको भए हाल के गरिरहेकोः

१४) कुनै अपाङ्गता छ/छैनः

१५) छ भने कुन किसिमकोः

१६) परिवार वा आफन्तसंग नभए हाल कहाँ छ?ः

१७) सम्पर्क फोन नं.

तुलसी प्रसाद कोइराला
सामाजिक विकास शाखा प्रमुख

आवेदकको
नामः
नाता/आफैः
ठेगानाः
सम्पर्क नं.